जिल्ला प्रशासन कार्यालय मकवानपुर दर्ता नं. ११९/२०६९/०७० मकवानपुर जि. हुलाक कार्यालय दर्ता नं ०५/२०७६/०७७

www.saheekhabar.com

सहीखबर

साप्ताहिक

वर्ष- १३, अङ्क- १४, २०८१ कात्तिक २२ गते विहीबार, 7 Nov. 2024, नेपाल सम्वत्-११४५ पृष्ठ-६, मूल्य रु. ५/-

अध्यक्ष बन्न हेटौंडामा त्रिपक्षीय भिडन्त



○ सहीखबर संवाददाता

मकवानपुर । आगामी मंशिर १६ गते स्थानीय तहमा रिक्त रहेका ४४ पदको उपनिर्वाचन हुदैंछ । गत स्थानीय तहको निर्वाचनमा नेकपा माओवादी केन्द्रले जितेको हेटौंडा उपमहानगरपालिका वडा नम्बर १२ को वडाध्यक्ष पदमा उपनिर्वाचन हुँदैछ ।

वडा अध्यक्षमा विजयी लतिल बहादुर घलान जिल्ला समन्वय समिति मकवानपुरको प्रमुखमा निर्वाचित भएपछि उक्त पद रिक्त भएको थियो । पद रिक्त भएको स्थानका लागि निर्वाचन आयोगले उपनिर्वाचन गराउने भएको हो । ँआगामी मङ्सिर १६ गते विभिन्न कारणले रिक्त र हेका जिल्ला समन्वय समिति प्रमुख दुई, गाउँपालिका अध्यक्ष दुई, उपाध्यक्ष चार, नगरपालिका प्रमुख एक, उपप्रमुख एक र वडाध्यक्ष ३४ गरी जम्मा ४४ रिक्त पदका लागि उपनिर्वाचन हुनेछ ।

रिक्त रहेका ४४ पदका लागि हुने उपनिर्वाचन मध्येको एक स्थान हेटौंडा नगरपालिका १२ नम्बर वडा हो । मकवानपुर जिल्लाको उक्त एक स्थानको लागि मात्र निर्वाचन हुने भएकाले जिल्लामा क्रियाशील राजनैतिक दलहरु कसरी स्थान सुरक्षित गर्न सकिन्छ भन्ने रणनीति र उम्मेदवार छनौटमा लागेका छन् ।

माओवादीलाई गुमेको वडा अध्यक्ष पद फिर्ता गर्ने चुनौती छ भने एमाले र काँग्रेसलाई एक स्थान थप्ने चुनौती रहेको छ । अन्य साना दलहरुले पनि निर्वाचनको तयारीमा जुटिरहेका छन् । जसले गर्दा उपनिर्वाचन रोचक हुने देखिन्छ । एमाले, काग्रेंस र माओवादी वीचमै त्रिपक्षिय भिडन्न हुने देखिन्छ । अहिले माओवादी, एमालेले उम्मेदवारको टुंगो लगाएर चुनावी रणनीति तयार गर्न लागि परेका छन् । काँग्रेसले भने अझै पनि उम्मेदवारको टुंगो लगाउन सकेको छैन् ।

माओवादीले रविन प्रधानलाई वडा अध्यक्षको बाँकी पेज ६ मा

कानुनद्वारा प्रतिबन्धित लागुऔषधहरुको प्रयोग नगरौं, आफ्ना बालबालिकाहरुको साथी संगतमाथि निगरानी राखौं । सभ्य र सिर्जनशील समाज निर्माणमा योगदान गरौं ।
लोकहितको लागि *ww.saheekhabar.com*

आज छठ पूजा

अस्ताउँदो सुर्यको पुजा गरेर मनाइदैं

○ सम्झना घिमिरे

मकवानपुर । आज छठ पर्वको मुख्य दिन परेको छ । सूर्यको पूजा आराधना गरि बेलुका अस्ताउँदो सूर्यलाई अर्घ्य दिइन्छ। शुक्रबार बिहान उदाउँदो सूर्यलाई अर्घ्य दिएर छठ पर्व विधिपूर्वक समापन गरिनेछ । वर्तालुले आज रातभर जाग्राम बसेर भोली बिहान उदाउँदो सूर्यलाई अर्घ्य दिन्छन् । आज सप्तमी तिथि भए पनि भोलि बिहान उदाउँदो सूर्यको पूजा आराधनासहित अर्घ्य दिएर छठ पर्व समापन हुनेछ ।

पछिल्लो समय छठ पर्व तराई मधेसबाट पहाड उक्लादै आएको छ । यो पर्व पहाडी समुदायले समेत मनाउदै आएका छन् । तराई मधेसी समुदायको छठ पूजा पहाडी समुदायले समेत धुमधामका साथ मनाउदै आएकाले संस्कृति र भाइचाराको सम्बन्धको हिस्सा बन्दै गाइरहेको छ । कात्तिक शुक्ल चतुर्थीदेखि सप्तमीसम्म छठ पर्व मनाउने गरिन्छ ।

यो परम्पराअनुसार कार्तिक २० गते चतुर्थीदेखि छठपर्व शुरू भएको हो । यसवर्ष पनि पहिलेजस्तै चार दिन नै छठ पर्व मनाइने भएको हो।

छठको व्रत विधिपूर्वक सम्पन्न गर्नाले मनोवाञ्छित फल पाइने, परिवारको कल्याण हुने र आफ्ना सम्पूर्ण दु:ख र कष्ट हटेर जाने जनविश्वास छ । छठका लागि मकवानपुरको हेटौंडा तराई मधेस र काठमाडौ उपत्यका तथा देशभरका नदी, तलाउ र जलाशय झकिझकाउ



फाइल फोटो

भएका छन् । उखालिएको अदुवा, बेसार र फुकी (पातगुवो) सहितको उखु आवश्यक सामग्रीमा पर्ने हुँदा पर्व विशेषमा यी कृषि उपजले राम्रो बजार पाउने गरेका छन् ।

कात्तिक शुक्ल तृतीयाका दिन 'अरबाअरबाइन' र चौथी तिथि 'नहायखाय' विधि गर्ने व्रतालुले निराहार व्रत बसी राति सखरमा पकाइएको अरवा चामलको खीर कूलदेवता र छठीदेवीलाई चढाएर प्रसादस्वरुप खान्छन्। यो विधिलाई मिथिलामा 'खरना' भनिन्छ । व्रतालुले षष्ठी तिथिका दिन निराहार व्रत बसेर साँझपख मनोरम घाट बनाइएको जलाशयमा पुगी कम्मरसम्म पानीमा चोबलिएर अस्ताउँदो सूर्यलाई अर्घ्य दिएर प्रसाद राखिएको डाली हातमा उठाइ सूर्यलाई देखाइन्छ । यो विधिलाई 'सभ्कुका अरख' वा 'साँझियाघाट' भनिन्छ ।

यसरी 'सभ्कुका अरख' मा देखाइएको प्रसाद सामग्रीको डाली सप्तमीका दिन बिहानै उदाउँदो सूर्यलाई अर्घ्य दिएर देखाइएपछि छठ सम्पन्न हुने परम्परा छ । यसपालि छठको समापन शुक्रबार बिहान सूर्योदयसँगै गरिने छ । छठमा धनी, गरिब, कथित तल्ला र माथिल्ला जाति एकै ठाउँमा उपस्थित भई पूजा गरिने भएकोले सबै समान हुने सन्देश दिन्छ । आफ्नै गाउँघरका खेतबारीमा उब्जने कृषि उत्पादनलाई प्रयोग गर्नु यो पर्वको थप मौलिक विशेषता हो । छठका व्रतालुले कार्तिक शुक्ल चतुर्थीदेखि नै चोखो खानपान गरी शुद्ध भएर बस्ने गर्छन् । केही बर्तालुले भने कोजाग्रत पूर्णिमाको भोलिपल्ट अर्थात् कार्तिक कृष्ण प्रतिपदादेखि नै लसुन, प्याजलगायत तामसी खाद्यपदार्थ नखाई चोखो अर्थात् सात्विक भोजन गरेर बस्छन् ।

विशेषत: तराई समुदायको पर्वको रूपमा बुझ्दै आएतापनि पछिल्ला केही वर्षयता पहाडी समुदायको पनि उत्तिकै उपस्थिती देख्ने गरिन्छ यो पर्वमा । पहाडी समुदायले पनि छठ पूजालाई परम्पराकै रूपमा लिन थालेका छन् । यसैले पनि पछिल्लो समय सामाजिक सद्भाव अभिवृद्धि गर्ने पर्वको रूपमा मानिदै आएको छ छठ पर्वलाई । पहिला मिथिलाञ्चलमा मात्र सीमित रहेको छठ पर्व २०६२/०६३ को आन्दोलनपछि पहाडी क्षेत्र र अन्यत्र पनि लोकप्रिय हुँदै गएको छ । २०६४ सालमा छठ पर्वको लागि काठमाडौको रानीपोखरी पहिलो पटक खुला भएको थियो ।

अस्ताउँदो सूर्यलाई अर्घ दिएपछि राति जलाशय, नदी, तलाउ किनारमा अर्घ दिइएका सामग्रीहरु कतिपयले घरमै ल्याएर फेरि आज बिहान किसमिसमै घाटमा पुर्याउने गर्छन् भने कतिपयले त्यहीं राखेर रातभर नाचगान र रमाइलो गर्छन् । भोली कात्तिक शुक्ल सप्तमी बाँकी पेज ३ मा

बालबालिकालाई निमोनियाबाट जोगाऔं

निमोनियाबाट बालबालिकालाई बचाउन


- ❒ नियमित रुपमा लगाईने खोपहरु लगाऔं ।
- ❒ आमाको दुधका साथै पोषणयुक्त थप आहार खुवाऔं ।
- ❒ धुलो, धुवाँ, चिसो तथा प्रदुषणबाट बचाऔं ।
- ❒ सरसफाईमा उचित ध्यान दिऔं ।

संक्रमण भएमा चिकित्सकसँग परामर्श गरौं ।

मकवानपुरगढी गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय,मकवानपुर

छठ पर्वको शुभकामना



अस्ताउदो सूर्य र उदाउँदो सूर्यको पूजा गरेर मनाउने छठ पुजाको अवसरमा सम्पूर्णमा हार्दिक मंलमय शुभकामना व्यक्त गर्दछौं ।

सहीखबर परिवार

२०८१ कात्तिक २२ विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०
मकवानपुर जि. हुलाक का. दर्ता नं ०५/२०७६/०७७

प्रकाशक/सम्पादक:- सरिता दाहाल
समाचार संयोजक:- संझना घिमिरे,
बजार व्यवस्थापक: गोपिनी दाहाल
प्रबन्ध व्यवस्थापक:- सिताकुमारी घिमिरे
मुख्य कार्यालय:- हेटौंडा-५ मकवानपुर
सम्पर्क:- ९८४५४६१३३३
इमेल: saheekhabar333@gmail.com
कम्प्युटर सेटिङ: *सहीखबर साप्ताहिक* डेक्स हेटौंडा-५, मकवानपुर
मुद्रण:-श्रेया अफसेट प्रेस, हेटौंडा-५, सानो पोखरा चोक ।

सम्पादकीय

छठसँग जोडिएको सामाजिक सद्भाव

नेपाली समाज विभिन्न जात,धर्म, संस्कृति, र सम्प्रदायमा विविधतायुक्त छ। यस्तै विविधताको एक पर्व हो छठ पर्व । छठको परम्परागत र सांस्कृतिक उत्सवले एकता र सद्भावको सन्देश फैलाउन महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । छठ पर्व, विशेषत तराई समुदायमा मनाउने गरिएको भएपनि पछिल्ला वर्षहरूमा यो पर्वमा पाहाडी समूदायको पनि भव्य सहभागिता हुने गरेको छ । यो पर्व केवल धार्मिक आस्था र प्रकृतिप्रति कृतज्ञता प्रकट गर्ने अवसर मात्र होइन, यसले समाजमा सामाजिक सद्भाव, भाईचारा, र एकता फैलाउनमा महत्वपूर्ण भूमिका निर्वाह गर्दछ।

छठ पर्व विशेष रुपले सूर्यको पूजा र प्राकृतिक शक्तिहरुसँग सम्बन्धित छ। यस पर्वमा सूर्य देवता, छठीमाइ (प्रकृतिका देवी), र जलको महत्वलाई स्वीकार्दै भक्तजनहरु आफूलाई शुद्ध पार्ने प्रयास गर्छन्। सूर्यको पूजा गर्ने परम्परा हिन्दू धर्मसँग सम्बन्धित भए तापनि, यो पर्व अन्य धर्मका मानिसहरु बीच पनि साझा उत्सवका रुपमा मनाइन्छ। यसले विभिन्न धर्म र जातिका बीच एकता र सौहार्दको सन्देश दिन्छ। यसले धर्मनिरपेक्षता र सामाजिक सहिष्णुताको एक आदर्श प्रस्तुत गर्दछ। प्रत्येक व्यक्तिको धार्मिक आस्था र विश्वासलाई सम्मान गर्दै, सबै एकसाथ मिलेर छठ मनाउँछन्। छठ पर्वले सामाजिक एकता र साझेदारीलाई प्रगाढ बनाउँछ।

यस पर्वको दौरानमा, विशेषत: रातभर पानीको किनारमा बसेर सूर्यको पूजा गरिन्छ, जसमा महिलाहरुको उपस्थितिलाई विशेष महत्व दिइन्छ। त्यहाँ सबै समुदायका महिलाहरु एकसाथ पूजा गर्छन् र एक अर्कासँग मिलेर उत्सवको आनन्द लिन्छन्। यसले एक अर्काप्रतिको सम्मान र सद्भाव बढाउँछ। विभिन्न जाति, धर्म र समुदायका महिलाहरु यस पर्वमा एकसाथ सहभागी हुने हुँदा, सामाजिक सद्भावको भावना सुदृढ बनाउँछ। यो उत्तम सद्भाव, एकताको कडीलाई अझै बलियो बनोस्, सबैमा छठपूजाको शुभकामना ।

मौलाकाली पुगेपछि मैले यो बुझे



स्वरुपा गुरागाईं

बाबा आमाले भन्नुहुन्थ्यो 'प्रकृति खुल्ला किताब हो, हामीले आफ्नो कोर्षमा जे जे पढेका छौ, त्यसको प्रयोग प्रकृतिमा देख्न सकिन्छ ।' यसको प्रत्यक्ष अनुभुति मलाई तब हुन्छ जब म बाबा आमासँग बिदाको समयमा विभिन्न स्थानहरुमा घुम्न जान्छौ । मान्छेको जीवनमा हावा, पानी, माटोको महत्व अनन्त छ । नेपालको भु बनोट अनि भु बनोट अनुसारको हावा पानी माटोको अनेकन विशेषता मलाई सधैं बुझ्न उत्सुक लाग्छ ।

विद्यालयको लामो बिदामा बाबा आमासँग हामी कही न कही घुम्न जाने गरेको छौ । अघिल्लो वर्षको पर्व बिदामा हामी इलामको चिया बगान, धरानको क्लक टावर, बुढासुब्बालगायतको स्थान घुमेका थियौ । यस वर्षको चाडमा हामी नवलपरासी जिल्लाको मौलाकाली मन्दिर घुम्न गयौं । आफूले घुमघामको शिलशिलामा प्राप्त गरेको ज्ञानगुनका कुरा म साथीहरुसँग शेयर रुचाउँछु ।

यसैले यो लेख लेखेको छु ल साथीहरु । तपाइहरु मध्ये केही साथीहरु नवलपरासी जिल्लावासी अनि मौलाकाली मन्दिर आसपासकै पनि हुनुहुन्छ होला, तर म पहिलो पटक मौलाकाली पुगेकोले मैले जे जे सिक्ने, बुझ्ने अवसर पाएँ त्यो साथीहरुबीच राख्न चाहें ल ।

इच्छा मलाई जाग्यो । साथै त्यहाँ संचालनमा आएको केबलकार चढ्न पाइने भएकोले समेत मन लोभ्याएको थियो । मन्दिरको दर्शन घुमघामसँगै केबलकारको मजा समेत एकै पटक लिन सकिने भएकोले हामी भाइ र म बढी उत्साही थियौ । यो मन्दिरको यात्रा बाबा आमाको भने दोस्रो पटकको थियो । विहान ७ बजे हामी हेटौंडा बस पार्कबाट बस चढ्यौ । हाम्रो यात्रा सुरू भयो । हेटौंडाबाट ७६ किलोमिटरको दुरीमा हामी चितवनको नारायणघाट बजारमा झर्ने जानकारी आमाले गराउनु भयो ।

हामीलाई बसको यात्रा पनि रमाइलो लाग्छ । च्यालबाट सररर आउने हावा, पुलुक्क पुलुक्क देखिने बस्तिहरु, पसलहरु, खोला र वारपार हुने गाडीहरु हेर्न बडो मज्जा लाग्छ, तर हामी झ्यालबाट कहिल्यै टाउको बाहिर निकालेर यो दृश्य अवलोकन गर्दैनौ । हामी २ घण्टाको समयमा नारायणघाट बजार पुग्यौ । नारायाणघाट बजारबाट पश्चिम डाडाँमा मौलाकाली मन्दिर देखियो, आमाले भन्नुभयो "उ त्यही हो हामी जाने" भाइले फ्याट्टै भन्यो, अनि केलवबार खै त ? हामी बसबाट झर्यौ । "अटोवाला आएर हामीलाई मन्दिर जाने हो भनेर सोध्न थाले" हामी त्यहाँबाट अझै ५ किमी अटोमा यात्रा गर्यौ र केवलकार स्टेशनमा पुग्यौ ।

नारायणीको पुल तरेर हामीले चितवन जिल्ला छोड्यौ र नवलपरासी जिल्ला टेक्यौ । यहाँबाट उत्तर पश्चिममा रहेको हाम्रो गन्तव्य मौलाकाली नजिकिदै थियो । हामी अटोमा मौलाकाली मन्दिर



दशैंबिदा सुरु भएदेखिको २ साता बिदाको गृहकार्य गर्दैमा बित्यो । असोज महिनाको सुरुवातमै परेको पानीले असर पुर्याएकोले खासै घुमघामको चहल पहल भएन र बाबा मामुले पनि केही योजना बनाउनु भएन । विद्यालय छुट्टीपछि कतै जाने इच्छा अधुरै थियो । कहिले बाबा आमाको कार्यालय छुट्टी नमिल्ने कहिले हामी दिदीभाइको स्कुल समय, अनि कहिले अनुपयुक्त मौसम । यस पटक कार्तिक महिनाको १० गतेको लागि बाबा आमाले यात्रा तय गर्नुभयो । 'मौलाकाली मन्दिर जाने ।' मेरो ७ वर्षीय भाइ र म धेरै एक्साइटेड भयौ, किनकी हामीले यस अघि मौलाकाली मन्दिरको नाम नै सुनेका थिएनौ, जानु त परको कुरा । यो कुन जिल्लामा पर्छन, के के हो त्यहाँको विशेषता केही थाहा थिएन । अनि केही जानकारी गुगलबाट लिए । यो पर्यटकिय र धार्मिक गन्तव्य रहेको कुरा जानकारी भयो ।

कार्तिक महिनाको १० गते शनिबार हामी हेटौडाबाट नजिकै रहेको मौलाकाली मन्दिर जाने भयौं । हाम्रो ४ सदसिय पारिवार को १ दिनको घुमघामको तालिका तय थियो । नवलपरासी हाल नवलपुर जिल्लाको गैंडाकोट नगरपालिकामा रहेको छ मौलाकाली मन्दिर ।

मैलाकालीका मन्दिरका बारेमा केही बुझेपछि त्यहाँ पुग्ने उच्च प्रवेश स्थलको फेदीमा गयौं, अर्थात केवलकार चढ्ने ठाउँमा । त्यहाँबाट मन्दिर भएको स्थानमा जान पैदल वा अटोबाट जान सकिने विकल्प पनि छ । हाम्रो रहर पुरा गर्न बाबा आमाले केबलकारको टिकट लिनु भयो । जहाँ २०८० साल बैशाख १ बाट केबलकार सञ्चालनमा आएको आएको थियो । शिलापत्रमा देख्यौ यसको उद्घाटन तत्कालिन प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले गर्नुभएको रहेछ ।

केबलकार संचालनमा आएपछि त्यस ठाउँमा अरु बढी चहलपहल बढेको बाबा मामु भन्दै हुनुहुन्थ्यो । आफैंले घुम्न आउने तथा भक्तजनहरूको भीड देख्दा रमाइलो लाग्यो । केबलकार संचालन हुनु पूर्व सिढीको बाटो भएर भक्तजन तथा पर्यटक मन्दिरसम्म जाने गर्ने रहेछन् । केबलकारको सुरुवातपछि भने भक्तजनलाई मन्दिर जान सहज भएको महसुस गरे । नत्र सिढीको बाटो भएर हिडेर जान कति गाह्रो हुन्थ्यो होला । बाबा मामु त १३/१४ वर्ष अघी हिडेरै मन्दिर पुग्नु भएको रहेछ । त्यो बेलाको स्मरण सुनाउँदै हुनुहुन्थ्यो ।

यहाँ १४ वटा केबलबार सञ्चालनमा रहेको कुरा बाबा र त्यहाँको कर्मचारीबीच भएको कुराकानी सुनेर थाहा पाएँ । जसमध्ये २ वटा मालसामान बोक्न प्रयोग

बाँकी पेज ३ मा

सहीखबर

विचार/फिचर

www.saheekhabar.com

२०८१ कात्तिक २२ विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०
मकवानपुर जि. हुलाक का. दर्ता नं ०५/२०७६/०७७

आज छठ ...

तिथिका दिन उदाउँदो सूर्यलाई अर्घ दिएपछि छठ पूजा समापन भएको मानिन्छ । छठ पर्वका देशभरका ताल पोखरी नदी किनारा सजावट गरिएको छन् । मकवानपुरको हेटौंडा लगायत आसपासका सहर र ग्रामीण क्षेत्रमा छठ पर्व मनाउन थालिएको बताइएको छ । हेटौंडामा छठ पर्वको तयारी पूरा भएको छ। हेटौंडाको राप्ती खोला तथा कर्री खोलालगायत अन्य खोला नदी र पोखरी लगायतको जलाशयमा छठ पर्वको तयारी पूरा भएको हेटौंडा छठ पूजा समारोह समितिले जनाएको छ ।

तराईको सीमित क्षेत्रमा मनाइने छठले अहिले राष्ट्रियस्वरूप ग्रहण गरेको छ । छठ पर्वका अवसरमा सरकारले राज्यभर सार्वजनिक बिदा दिइएको छ । ऐतिहासिक पौराणिक ग्रन्थ महाभारतमा उल्लेख भएअनुसार द्रौपदीसहित पाँच पाण्डव अज्ञातवासमा रहँदा उक्त गुप्तवास सफल होस् भनी सूर्यदेवलाई आराधना गरिएको थियो । त्यस समयमा पाण्डवहरु विराट राजाको दरबारमा बास बसेको उल्लेख छ । लोककथन बमोजिम सोही समयदेखि छठ मनाउने परम्पराको थालनी भएको हो ।

सूर्य पुराणअनुसार सर्वप्रथम अत्रिमुनिकी पत्नी अनुसूयाले छठ व्रत गरेकी थिइन्। फलस्वरुप उनले अटल सौभाग्य र पतिप्रेम प्राप्त गरिन् । त्यही बेलादेखि 'छठ पर्व' मनाउने परम्पराको सुरूआत भएको तथ्य सूर्य पुराणमा उल्लेख छ । संसारका सम्पूर्ण भौतिक विकास सूर्यमाथि नै आधारित छन् । सूर्यको शक्तिविना रूख, बिरूवा, वनस्पति, प्राणी, जीवजन्तु करौको पनि अस्तित्व रहन सक्दैन । सूर्य किरणको चिकित्सा माथि कैयौं चिकित्सकले ग्रन्थ लेखेको पाइन्छ । सूर्यको किरणबाट कैयौं असाध्य तथा रोगको आश्चर्यजनक उपचारसमेत खोजिएको छ ।

साम्ब पुराणमा आफ्नै पिता श्रीकृष्ण तथा महर्षि दुर्वासाको सरापद्वारा कुष्ठरोगबाट पीडित साम्ब सूर्यको आराधनाको फलस्वरुप रोग मुक्त हुन गएको भन्ने चर्चा छ । छठ पर्वमा व्रत गरे दु:ख र दरि□ताबाट मुक्ति पाइन्छ भन्ने जनविश्वास छ । यसमा भुप्पा□भुप्पा फलहरु चढाउँदा सूर्य देवता प्रसन्न भई बर्तालुका कुटुम्बसहित सबै सन्तानको भलो हुन्छ भन्ने मान्यता पाइन्छ । यस पर्वमा जो व्रत बस्न सक्दैन उसले अर्को व्रत गर्नेबाट कामना पूरा गराउने गर्छन् । आर्थिक अभाव भएका मानिस भिक्षा माग्रे भए पनि यो पर्व मनाउने गर्छन् ।

हरेक वर्षझैं यस वर्ष पनि हेटौंडाको राप्तीघटमा छठपर्वको भव्य तयारी गरिएको छ । छठपर्वका लागि चारैतिरबाट सिंगारिएको छ । साधेजस्तो सुनसान हुने हेटौंडाको राप्तीखोलाको बगर यसपटक भने निकैतामझामका साथ तयारी गरिएको छ ।

संसारका सम्पूर्ण भौतिक विकास सूर्यमाथि नै आधारित छन् । तिनको शक्तिबिना रूख, बिरूवा, वनस्पति, प्राणी, जीवजन्तु करौको पनि अस्तित्व रहन सक्दैन । सूर्य किरणको चिकित्सा माथि कैयौं चिकित्सकले ग्रन्थ लेखेको पाइन्छ । सूर्यको किरणबाट कैयौं असाध्य तथा अक्षय र रोगको आश्चर्यजनक उपचारसमेत खोजिएको छ ।

साम्ब पुराणमा आफ्नै पिता श्रीकृष्ण तथा महर्षि दुर्वासाको सरापद्वारा कुष्ठरोगबाट पीडित साम्ब सूर्यको आराधनाको फलस्वरुप रोग मुक्त हुन गएको भन्ने चर्चा छ । छठ पर्वमा व्रत गरे दु:ख र दरिद्रताबाट मुक्ति पाइन्छ भन्ने जनविश्वास छ । यसमा भुप्पाभुप्पा फलहरु चढाउँदा सूर्य देवता प्रसन्न भई व्रतालुका कुटुम्बसहित सबै सन्तानको भलो हुन्छ भन्ने मान्यता पाइन्छ । यस पर्वमा जो व्रत बस्न सक्दैन उसले अर्को व्रत गर्नेबाट व्रत गराउने गर्छन् ।

स्वच्छ वातावरण स्वस्थ्य शरिर, बिरुवा रोपौं, वातावरण स्वच्छ र हराभरा राखौ । पानीको मुहान/स्रोत संरक्षण गरौं । बालमा किटनाशक औषधिको प्रयोग कम गर्दै जैविक औषधिको प्रयोग बढाऔं । रसायनिक मल भन्दा प्राङ्गारिक मलको प्रयोगमा प्राथमिकता दिने गरौं ।

● सहीखबर साप्ताहिक

मौलाकाली पुगेपछि मैले ...



हुँदोरहेछ । केबलकारको एउटा डब्बामा एकपटकमा ८ जना यात्रु अटाउने क्षमता रहेछ । केबलकारको १ किमि ५ सय मिटरको दुरी करिब ५ मिनेटमा पार गरी हामी मन्दिर नजिकैको अर्की स्टेशनमा पुग्यौ । त्यहाँबाट मन्दिर परिसर नपुगुन्जेल प्रसस्तै पुजा सामग्री र खाजाका पसल रहेछन् । हामी भोकाएका भए पनि पहिले मन्दिर तर्फ नै उकालो लाग्यौ ।

माथिको स्टेशनमा झरेपछि पनि १० मिनेट सिढी चढेर मन्दिर पुग्नु पर्ने रहेछ । यो बिचको समय मैले बाबा ममुलाई धेरै ऐतिहासिका कुराहरु सोध्न भ्याएँ । मन्दिर ४ सय ५० वर्ष पहिला सेन राज्यका पालामा निर्माण भएको रहेछ ।

डाँडाको टुप्पामा एउटा सानो मन्दिर रहेको कहिलेकाहीं स्थानीय आदिवासीले पूजाअर्चना गर्ने गरेको रहेछन् । सोह्रौं शताब्दीमा पाल्पाका राजा मणिमुकुन्द सेनले देवी कलीकाको नाममा 'प्रतीक' सिर्जना गरेपछि पर्वत (मौलापहाड) को नाम राखिएको किंवदन्ती रहेको रहेछ ।

सेनराज्यको पतनसँगै यो मन्दिर ओझेलमा परेको र सेनवंशी राज्यकालपछि शक्ति स्वरुपा मौलाकालीका भगवतीमा बोटे,दराई, चेपाङ, मगर, कुमाल, गुरुङजस्ता आदिवासीले पालैपालो गरेर पूजापाठ गर्ने गरेको, त्यहाँ धमिराले खाएको काठको मौलो र कालिका भगवतीको शिलापत्थर रहेकामा आज पनि भक्तजनले तिनको पूजा गर्ने गरेको बाबाले बताउनुभयो ।

विसं १९९० सम्म त्यहाँ ठूलो सालको रुख थियो रे । बाबाका अनुसार विसं २०५३ मा आएर प्यागोडा शैलीमा ठूलो मन्दिर निर्माण भएको रहेछ । मौलाकालिकालाई शक्ति स्वरुपाको रुपमा पुज्ने गरिने तथा प्राकृतिक सौन्दर्यले भरिएको मौलाकाली धार्मिक, साँस्कृतिक एवं पर्यटकीय दृष्टिकोणले आकर्षणको केन्द्र बनेको रहेछ ।

यति कुरा सुन्दै गर्दा मन्दिर परिसरको सिढींहरू चडेर हामी मन्दिर परिसर पुग्यौं । पुजाआजा र भजनकिर्तन सुन्दै आनन्द लियौं । समुद्र सतहदेखि ५६१ मिटर उचाइमा वनले ढाकिएको डाडोमा मौलाकालिका मन्दिर अवस्थित रहेको रहेछ ।

मन्दिर परिसरबाट भरतपुर महानगरपालिका र गैंडाकोट नगरपालिकाको सिमा भएर बगेको नारायणी नदी, नवलपरासी, चितवन, तनहुँ, गोर्खाका अग्ला डाँडा, भञ्ज्याङ, हिमशृखलाका अवलोकन गर्न सकिने रहेछ । नेपालको उत्कृष्ट धार्मिक तीर्थस्थल देवघाटधाम, दासढुङ्गा, चितवनको समथर भूमि, राष्ट्रिय निकुञ्जको जंगल चुरे क्षेत्र देखिने रहेछ ।

दासढुङ्गा जहाँ मदनआश्रीत (मदन भण्डारी र जिवराज आश्रीत) को शालिक राखिएको छ रे । देवघाटको महत्वबारे आमाले थोरैथोरै बताउनु भयो । मन्दिर परिसरबाट देखिने लोभलाग्दो भ्यू हेर्दै, फोटो र भिडियोहरु खिच्यौ । आगामी माघमा देवघाट नुहाउने र त्यहाँ घुम्ने योजना बनाउँदै हामीले दृश्यालोकवनको समय छोट्यायौं ।

हामीले घरबाटै स्वस्थकर खाजा बनाएर लगेका थियौ । बिहानीको पहिलो प्रहरमा आमाले ति खाजा तयार पार्नु भएको थियो । जाँदा बाटोमा फलफूल थपेका थियौ । त्यही पसलमा पानी किन्यौ, अनि वनको एक छेउ जहाँ काठको बेञ्चहरु बनाएर, वनभोज खाने जस्तै बनाइएको रहेछ, हामीले त्यही बसेर खायौ, हामी सँगै अर्को ग्रुप पनि हामीले जस्तै घरैबाट पुलाव तर कारी बनाएर ल्याउनु भएको रहेछ, उहाँहरुले पनि हाम्रै नजिक बसेर खानु भयो, आमा बाबाहरुले उहाँहरुको स्कुले जीवनमा यसैगरी वनमा अमलाको फेदमा पकाएर पिकनिक खानु हुन्थ्यो रे, हामीलाई त्यो स्मरण सुनाउनु भयो ।

खानपछि बाबा आमाले नारायणगढमा केही साथीहरुसँग भेटघाट गर्नु पर्ने बताउँनु भयो । सोही अनुसार हामी त्यहाँबाट नारायणगढको लागि हिड्यौं । भाइले मन्दिर परिसर नपुग्दै केबलकार चढ्न रहर नपुगेको बताएको थियो । हामीलाई भन्दा उसलाई फर्कन चटारो थियो, उ अघिअघि दोडिन्थ्यो, लड्ला भनेर आमा चिच्याउनु हुन्थ्यो ।

बाबाआमाका अनुसार हिडेर मन्दिर जानको लागि १ हजार ८८२ खुड्किला पार गर्नुपर्छ रे । यहाँ हिडेर जाँदा अझै धेरै रमाइलो हुने आमाले बताउनु भयो, हामीसँगै भएकाले उहाँहरुले पनि यस पटक हिड्ने आँट गर्नुभएन सायद ।

हामीले पनि सिंढीको बाटोको अर्को अनुभव लिन पाएनौ । वनैवनको बाटो बीचमा उकालो बाटो हुंदै छेउछाउमा ढुंगा कुँदेर बनाइएका आकर्षक मूर्तिको अवलोकन गर्ने पाइने थियो त्यो बाटोमा । रमाउँदै मन्दिर भएको स्थानसम्म चढ्नेहरूले थकान बिर्सिएरै ती खुड्किला सजिलै पार गर्न गर्छन् बाबाआमाले भन्नु भएको । हिडेरै मन्दिर जान अर्को पटक मौका मिले आउने भन्दै हामी फेरी केवलकारबाट तल आयौ ।

स्टेशनबाट फेरी अटो चढेर हामी नारायणगढ लायन्सचोकसम्म आयौं । बाबाआमाका साथीहरुलाई भेटघाट गरी बसपार्क आयौं । बसबाट हामी नारायणगढ आयौ, त्यहाँबाट हामी हेटौंडाको बस चढेर घर फक्यौ । साथीहरु हजुरहरु पनि म सँगै मौलाकाली घुम्नु भयो ? कि घुम्न आउने योजना बनाउनु भयो । मैले बुझेको कुरा हजुरहरुलाई बताएँ । हजुरहरु पनि आउनु भयो भने, थप कुरा शेयर गर्नुन ल ।

अँ साच्ची साथीहरु तपाईंहरु पनि दशै तिहारको बीदामा कहाँकहाँ जानु भयो लेख्नुहोस न है । हजुरहरुको लेख पढेर म पनि हजुरहरुसँगै घुमेको आभाष गर्नेछु, नयाँ नयाँ जानकारी थाहा पाउने छु । अब त तिहार पनि सकियो, स्कुल सुरु हुने बेला भयो । फुर्सदमा फेरी फेरी लेख्दै गर्छु यो यात्राको कलम बिसाएँ ल ।

इन्द्रसरोवर गाउँपालिकाको सूचना

नेपालको कानूनले विवाह गर्दा केटा र केटी दुबैको उमेर २० वर्ष पुरा भएको हुनुपर्ने व्यवस्था गरेको छ । त्यसैले २० वर्षभन्दा कम उमेरमै विवाह गर्नु / गराउनु अपराध हो । बाल विवाह गर्ने गराउने र सहभागी हुने सबैलाई कानूनले कारबाहीको दायरामा ल्याएको छ ।

बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं ।

मुलुकी अपराध संहिता २०७४ अनुसार

विवाह गर्ने व्यक्तिको उमेर वर्ष २० नपुगी कसैले विवाह गर्न वा गराउन हुदैन (दफा १७३) । यसो गरेमा ३ वर्षकैद र ३० हजार रुपियाँसम्म जरिवाना हुनेछ ।

विवाह गर्न पुरा हुनु पर्ने उमेर पुरा नभएको व्यक्तिले दिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन ।

त्यसैले बालबालिकालाई शिक्षा प्रदान गरौं, भोलीको भविष्य सुन्दर बनाउन योगदान गरौं ।

सबै जिम्मेवार बनौं, बालमैत्री व्यवहार अबलम्बन गरौं, बालमैत्री स्थानीय शासन लागु गर्नको लागि अनिवार्य सर्तहरु पुरा गर्न आफ्नो स्थानबाट लागिपरौं ।

इन्द्रसरोवर गाउँपालिका

गाउँकार्य पालिकाको कार्यालय, मकवानपुर ।

सहीरबर

फिचर/विचार/समाचार

२०८१ कात्तिक २२ विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०
मकवानपुर जि. हुलाक का. दर्ता नं ०५/२०७६/०७७

प्रदेश सरकारका बहुवर्षीय योजना अलपत्र

◯ सम्झना घिमिरे



मकवानपुर। सरकारको स्थायित्व नहुदा बागमती प्रदेश सरकार गठन भएपछि पहिलो कार्यकालबाट सुरू भएका बहुवर्षीय आयोजनाहरू अझै पूर्ण भएका छैनन् ।

योजनाहरू पूर्ण हुनको लागि सुरूवातमा बहुवर्ष योजना भनिएता पनि प्रत्येक वर्ष जति प्रगति हुनु पर्ने हो त्यो अनुसार भएको छैन । अलपत्र र अधुरा योजनाहरू माथि प्रदेश सरकारले ध्यान पुर्‍याउन सेको छैन ।

सडक, भवन, कृषिलगायत क्षेत्रका बहुवर्षीय आयोजना प्रदेश सरकारको दोस्रो कार्यकाल सुरू भएर दोस्रो वर्ष सकिन लाग्दासमेत अलपत्र अवस्थामा छन् ।

बागमती प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गत प्रदेश सरकारको तुलो लगानी भइसक्दा पनि कुनै सम्पन्न भएका छैनन् भने कुनै सञ्चालनमा आउन सकेका छैनन् ।

मन्त्रालयले नै क्रमागत आयोजना नै समस्याग्रस्त आयोजनामा परिणत भएको देखिन्छ ।

मन्त्रालयमार्फत हाल कृषि तथा वन विश्वविद्यालयमा बिएसएल ल्याब स्थापना, भरतपुरमा आधुनिक भेटेरिनरी अस्पताल निर्माण, हेटौंडामा प्रादेशिक कृषि थोक बजार निर्माण र प्रदेशका विभिन्न जिल्लामा शीतभण्डार निर्माण बहुवर्षीय आयोजना अन्तर्गत निर्माणाधीन छन् ।

प्रदेशका विभिन्न जिल्लामा फलफूल तथा तरकारी भण्डारणका लागि साझेदारीमा शीतभण्डार बहुवर्षीय आयोजना अन्तर्गत निर्माण सुरू भएका कतिपय सम्पन्न भएका छन् तर सम्पन्न भएकाहरू पनि कार्यविधि विना प्रयोगमा आउन सकेको छैन ।

तयार भएका संरचनाहरू अलपत्र छाडिएका छन् भने कतै यस अघि नै तयार हुनुपर्ने संरचना अझै निर्माणाधीन रहेका छन् ।

हेटौंडामा दुध पाउडर प्लान्ट निर्माण सम्पन्नको लामो समय भइसक्दा पनि प्रदेश सरकारले सञ्चालनसम्बन्धी नीति बनाउन नसक्दा पूर्ण क्षमतामा सञ्चालनमा आउन सकेको छैन । हाल कामचलाउ रुपमा दुग्ध विकास संस्थानले सञ्चालन गर्दै आए पनि प्रदेश सरकारको लगानीले प्रतिफल प्राप्त गरेको अवस्था छैन ।

मन्त्रालयका सचिव विनोदकुमार भट्टराईले निर्माणपूर्व नै दुध पाउडर प्लान्ट सञ्चालन मोडालिटी निर्माण हुन नसक्दा निर्माण भइसकेपछि कसरी सञ्चालन गर्ने भन्नेबारे समस्या आएको बताए । उनले दुध पाउडर प्लान्ट सञ्चालन मोडालिटी तयार हुँदै गरेको जानकारी दिए । मन्त्रालयले यस्तो मोडलिटी बन्दै गरेको छ भनेर ठार्दै आएको एक वर्ष वितिसकेको छ । प्रदेश सरकारले निर्माण गरेको धुलो दुध कारखानाको सञ्चालन मोडालिटी तयार नहुँदासम्म दुग्ध विकास संस्थानसँग समझदारीपत्रमा सम्झौता गरी सञ्चालन गर्न प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले सुझाएको छ ।

धुलो दुध कारखाना ४७ करोड ३३ लाख ३४ हजार रूपियाँ निर्माण लागत रहेकोमा गत आवसम्ममा ४७ करोड ३५ लाख ६० हजार रूपियाँ खर्च भइसकेको छ । साथै आयोजनाको भौतिक प्रगति शतप्रतिशत र वित्तीय प्रगति ९३ प्रतिशत भएको तथ्याङ्क मन्त्रालयको छ ।

हेटौंडा उपमहानगरपालिकासँगको सहकार्यमा ३८ करोड ३६ लाख ५६ हजार रूपियाँको लागतमा तीन वर्षमा सम्पन्न गर्ने गरी हेटौंडामा प्रादेशिक कृषि थोक बजार निर्माण गर्ने सम्झौता भएकोमा अझै निर्माण पूरा भएको छैन ।

गत आवसम्ममा यस आयोजनामा कुल ३१ करोड ४३ लाख ११ हजार खर्च भई भौतिक प्रगति ९० प्रतिशत र वित्तीय प्रगति ७० प्रतिशत भएको छ । मन्त्रालयका अनुसार प्रादेशिक कृषि थोक बजार सञ्चालनका लागि मोडालिटी तयार गरिँदै छ ।

यस्तै प्रदेश सरकारको स्पष्ट नीतिको अभावमा कतिपय शीतभण्डार सम्पन्न भए पनि सञ्चालनमा आउन सकेको छैन । यस्तै कतिपय शीतभण्डार निर्माण सुरू भएको लामो समय भइसक्दासमेत अझै अधुरा रहेका छन् ।

शीतभण्डार आयोजना अन्तर्गत विभिन्न जिल्लामा गरी प्रदेश सरकारको निर्माणमा प्रदेश सरकारको हालसम्मकै सबैभन्दा भौतिक संरचना निर्माणमा खर्च भइसकेको छ ।

पाँचबर्से योजना अवधि रहेको यस आयोजना कुल लागत एक अर्ब १७ करोड ३० लाख रूपियाँ रहेकोमा गत आर्थिक वर्ष २०८०/८१ सम्ममा ७६ करोड ३३ लाख ८४ हजार रूपियाँ खर्च भइसकेको छ । भौतिक ८६ प्रतिशत र वित्तीय प्रगति ०.५३ प्रतिशत भएको मन्त्रालयको अभिलेख छ । लागत साझेदारीमा निर्माण एवं सञ्चालन गर्ने सम्झौता अनुरुप मन्त्रालयबाट ठेक्का लगाई निर्माण सुरू गरेकामा साझेदार संस्थाले सम्झौता अनुसारको रकम उपलब्ध नगराउँदा सम्पन्न गर्न समस्या भएकोले आवश्यक निकास निकाल्नुपर्ने मन्त्रालयको भनाइ छ ।

कृषि तथा वन विश्वविद्यालय रामपुरमा बिएसएल ल्याब १४ करोड ५० लाख रूपियाँको लागतमा स्थापना गर्ने गरी काम सुरू भएकोमा गत आव २०८०/८१ सम्ममा १२ करोड ६० लाख १० हजार रूपियाँ खर्च भइसकेको छ । तीन वर्ष योजना अवधि रहेको आयोजनाको भौतिक प्रगति ९८ प्रतिशत र वित्तीय प्रगति ५५.२ प्रतिशत पूरा भई अन्तिम परीक्षण गरिँदै गरेको जनाइएको छ ।

भरतपुरमा भेटेरिनरी अस्पताल दुई वर्षमा नौ करोड ३३ लाख ५५ हजार रूपियाँ लागतमा निर्माण सम्पन्न गर्ने गरी सुरू भएकोमा गत आवको असार मसान्तसम्ममा पाँच करोड पाँच लाख १६ हजार रूपियाँ खर्च भई भौतिक प्रगति ९० प्रतिशत र वित्तीय प्रगति शतप्रतिशत भएको छ ।

वायु प्रदुषणका असरहरू वायु प्रदुषणले

☞ फोक्सोको क्यान्सर, ब्रोन्काईटिस, दमजस्ता श्वासप्रश्वास सम्बन्धी रोग लाग्न सक्छन्, श्रयसले मुटु, रक्तसंचार प्रणाली र मस्तिष्कमा समेत गम्भीर असर पुर्‍याउन सक्छ,

☞ सुख्खा खोकी लाग्ने, घाँटी चिलाउने तथा आखाँमा असर देखा पर्न सक्छ,

☞ सहरी क्षेत्रमा यसको असर बढी हुन सक्छ, त्यसैले:


☞ वायु प्रदुषण न्यूनीकरणका लागि सवारीसाधनको समय-समयमा मर्मत गरौ ।

☞ कच्ची सडकहरू कालोपत्रे गरौ ☞ वृक्षरोपण गरौ,

☞ घर, सडक तथा सार्वजनिक स्थानको सरसफाई गरौ ।

वायु प्रदुषणको असरबाट बचौं ।

५ नम्बर वडा कार्यालय,
मकवानपुरगढी
गाउँपालिका, धादीङ ।



सहीखबर

समाचार/विविध

www.saheekhabar.com

२०८१ कात्तिक २२ विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०
मकवानपुर जि. हुलाक का. दर्ता नं ०५/२०७६/०७७

द्वारिका नेपाल स्मृति गजल पुरस्कार अनुजलाई

○सहीखबर संवाददाता

चितवन । गजलकार विनोद अनुज चितवनको भरपुरमा सम्मानित भएका छन् । युवा पुस्ताका गजलकार अनुज द्वारिका नेपाल स्मृति गजल पुरस्कारबाट सम्मानित भएका हुन् ।

गजल मञ्च चितवनको नवौँ अधिवेशनको अवसरमा सोमबार अनुजलाई २५ हजार रूपैयाँ राशीको उक्त पुरस्कार प्रदान गरिएको हो । अधिवेशन उद्घाटन सत्रमा गजल मञ्च चितवनका पूर्वअध्यक्ष प्रभाकर पण्डितले अनुजलाई सम्मानपत्रसहित पुरस्कारले सम्मान गरेका थिए ।

गजल मञ्च चितवनको अध्यक्ष रहेका बेला २०७८ साल असोजमा दिवगंत द्वारिका नेपालको स्मृतिमा गजल मञ्च चितवनले पुरस्कार स्थापना गरेको थियो ।भर तपुर ५ आनन्दपुर घर भई हाल अस्ट्रेलियामा रहेका डिला खरेलले यो पुरस्कार सौजन्य गरेका हुन् ।

पुरस्कृत स्रष्टा अनुजले कार्यक्रममा केही गजल सुनाएका थिए । उनले पुरस्कारबापत पाएको सबै रकम भरतपुर ४ धर्मचोक, लङ्कूमा रहेको ज्ञानज्योति पुस्तकालयको भवन निर्माणका लागि हस्तान्तरण गरेका छन् । पुस्तकालयका अध्यक्ष गोविन्द कँडेललाई अनुजले उक्त रकम कार्यक्रम स्थलमै हस्तान्तरण गरे ।



पुरस्कृत स्रष्टा अनुजले पुरस्कारले आफूलाई गजल क्षेत्रको विकासका लागि अझै जिम्मेवारी बनाएको बताए ।

मञ्चका अध्यक्ष लेखराम सापकोटाको अध्यक्षतामा भएको अधिवेशनको उद्घाटन सत्रलाई सम्बोधन गर्दै प्रमुख अतिथि समेत रहेका प्रभाकर पण्डितले विभिन्न कालखण्डमा गजल मञ्चमा सक्रियतापूर्वक लागेर गजलको उत्थान र संरक्षणमा भूमिका खेलेका अनुजलाई पुरस्कार प्राप्त हुनु खुसीको कुरा भएको बताए । मञ्चका संस्थापक अध्यक्ष धनराज गिरि, कविडाँडा साहित्य समाजका अध्यक्ष एलबी क्षेत्रीलगायतले मन्तव्य व्यक्त गरेका थिए ।

द्वारिका नेपाल स्मृति गजल पुरस्कार २०७० सालमा मुक्त उदास र २०८० सालमा कमल अर्यालले प्राप्त गरेका थिए । नवौँ अधिवेशनमा पूर्वअध्यक्षहरू किसान प्रेमी, ऋषिप्रसाद लामिछाने, रमेश प्रभात, पुष्प अधिकारी अञ्जली, धनराज गिरिसहित आजीवन सदस्यहरूको उपस्थिति रहेको थियो ।

गजल मञ्च अध्यक्षमा अनायास

गजल मञ्च चितवनको अध्यक्षमा रामकृष्ण अनायास चयन हुनु भएको छ । सोमबारको नवौँ अधिवेशनले अनायासको अध्यक्षतामा ८ सदस्यीय समिति निर्विरोध चयन गरेको हो ।

मञ्च उपाध्यक्षमा कमल अर्याल, सचिवमा प्रमिला सानु, सहसचिवमा सिम्रन क्षेत्री र कोषाध्यक्षमा सरस्वती पौडेल चयन भएका छन् ।

त्यसैगरी सदस्यहरूमा सुमन अविरत, जीवन सुवेदी र समिता पौडेल न्यौपाने चयन भए । बाँकी सदस्यलाई आगामी बैठकबाट थप गरिने नवनिर्वाचित अध्यक्ष अनायासले बताए । आफ्नो कार्यकालमा चितवनमा राष्ट्रिय स्तरका गतिविधि गर्ने र यहाँ बसेर गजल लेखिरहेका स्रष्टालाई एकीकृत गरी गजलका कार्यक्रमहरू गरिरहने उनले जानकारी दिए ।

गजल मञ्चको नयाँ नेतृत्व चयन पछि यसअघिका अध्यक्ष लेखराम सापकोटा भन्छन् 'मैले १ वर्ष कार्यबाहक र २ वर्ष पूर्ण जिम्मेवारीसहितको नेतृत्व गर्ने अवसर पाएँ । आफ्नो कार्यकाल सफलतापूर्वक सम्पन्न गर्न सकेको ठहर मलाई छ । मेरो नेतृत्वको कार्यकालमा मलाई हरहमेसा सहयोग गर्नुहुने कार्यसमिति उपाध्यक्ष, सचिव, सहसचिव, कोषाध्यक्ष, सदस्यहरू सहित पूर्वअध्यक्षहरू, विशिष्ट सदस्यहरू, आजीवन सदस्यहरू, सल्लाहकारहरू सबै प्रति आभारी छु ।

नयाँ नेतृत्वलाई हार्दिक बधाई एवम् कार्यकाल सफलताको कामना गर्दछु ।'

अपाङ्गताको सवालमा प्रस्ताव पेश

मकवानपुर । मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरूका सवालमा अधिकार, पहुँच, र अवसर हरूमा सुधारको लागि प्रस्ताव पेश गरिएको छ ।

मानसिक स्वास्थ्य समस्या तथा मनोसामाजिक अपाङ्गता अनुभव गरेका व्यक्तिको संजाल सदस्यहरुले राष्ट्रिय अपाङ्ग महासंघ, नेपाल बागमती प्रदेश कार्यालयमा ज्ञापन पत्र बुझाएका हुन् । महासंघ प्रदेश समितिको सल्लाहकार सरिता थापा, प्रदेश व्यवस्थापक सिता मल्ल ठकुरीसमेतलाई उनीहरुले पत्र बुझाएका हुन् । मानसिक स्वास्थ्य समस्या तथा मनोसामाजिक अपाङ्गता अनुभव गरेका व्यक्तिको संजाल सदस्यहरुसँग पत्र बुझ्दै प्रदेश सल्लाहकार थापाले आफूहरुले सधै सहकार्यमा काम गर्दै आएको बताइन् । यसैगरी प्रदेश व्यवस्थापक मल्लले मनोसामाजिक स्वास्थ्य समस्या भएकाहरुको सवाललाई महासंघले समान सवालको रुपमा अधि बढाउँदै आएको बताइन्। कोशिश मकवानपुरको सहजिकरणमा भएको कार्यक्रममा कोशिश मकवानपुरको पैरवी अधिकृत सुनिरा लामा, सामुदायिक अभियानकर्ता सकुन्तला पौडेल, सिता घलानलगायत सरोकारवालाहरुको उपस्थिती रहेको थियो ।



कागजात कीर्ते गरेको आरोपमा वडा अध्यक्ष दंगाल थुनामा

○ सहीखबर संवाददाता

मकवानपुर । मकवानपुरको बकैया गाउँपालिकाका १ जना वडा अध्यक्ष पुर्पक्षका लागि भीमफेदी कारागार पठाइएको छ । बकैया ४ नम्बर वडाध्यक्ष राजन दंगाललाई कागजात कीर्ते गरेको आरोपमा थुनामा पठाइएको हो ।

वडाध्यक्ष दंगालमाथि स्याङ्जाकी मृतक उमादेवी गुरुङको नागरिकता कीर्ते र जग्गा पास सम्बन्धी प्रक्रियाका लागि नक्कली कागजात बनाएर सिफारिस गरेको अभियोग छ। बुधबार सरकारी कागजात कीर्तेको अभियोगमा दंगाललाई थुनामा राखी मुद्दाको पुर्पक्ष गर्न जिल्ला न्यायाधीश सकुन्तला कार्कीको इजलासले आदेश दिएको हो । वडाध्यक्ष दंगाल विरुद्ध गत असारमा अदालतबाट पक्राउ पुर्जी समेत जारी भएको थियो ।

दंगाल चार महिनापछि बुधबार अदालतमा उपस्थिति भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । जिल्ला प्रहरी कार्यालयमा गुरुङको श्रीमान् एमसी परेराले ६ महिना अगाडि वडाध्यक्ष दंगालसहित ७ जनाविरुद्ध जाहेरी दिएको मकवानपुर प्रहरीले जनाएको छ । दंगालसहितले मृतक गुरुङको नाममा ललितपुर, कीर्तिपुर र चितवनमा रहेको जग्गा हत्याउने प्रयास भएको अनुसन्धानबाट खुलेको प्रहरीले जनाएको छ ।

गुरुङको २६ भदौ २०७४ मा मृत्यु भएको थियो। उनका श्रीमान् परेरा चितवनको भरतपुरमा बस्दै आएका थिए । प्रहरीले गत असारमा वडाध्यक्ष दंगाल, वडा सचिव अनिशा श्रेष्ठ, नक्कली छोरा बनेका पूर्णबहादुर



ब्लोनसहित सर्जमिन मुचुल्कामा साक्षी बसेका स्थानीय ४३ वर्षीय सानुमान थिङ, ३९ वर्षीय जितमान थिङ, ३५ वर्षीय जमानसिं भुलून, ६९ वर्षीय रामबहादुर न्यासुरविरुद्ध पक्राउ पुजी जारी गरेको थियो।प्रहरीले उनीहरुविरुद्ध लिखत सम्बन्धी कसुरमा अदालतमा मुद्दा दायर गरेको थियो।

बकैया-४ का ४६ वर्षी ब्लोनलाई मृतक गुरुङको नक्कली छोरा बनाएर वडाध्यक्ष दंगालले १८ मंसिर २०८० मा मृत्युदर्ता र नाता प्रमाणित लगायतका कागजात तयार पारिदिएको बताएको छ ।

अध्यक्ष बन्न...

उम्मेदवार बनाउने सर्वसहमत निर्णय रहेको छ । अन्यको आकाक्षा भएपनि प्रधानको नाममा सहमती जुटेपछि माओवादी चुनावी तयारीमा लागिसकेको छ ।


यस्तै एमालेले पनि राजेश नगरकोटीलाई वडा अध्यक्षको उम्मेदवार बनाएको छ । गतस्थानीय तहको निर्वाचनमा पनि उम्मेदवार रहेका नगरकोटी यसपटक पनि सर्वसहमत उम्मेदवार छनौट भएका हुन् । गतनिर्वाचनमा नगरकोटीले तेस्रो स्थान हासिल गरेका थिए । एमालेले नगरकोटीलाई विजयी बनाउन १२ नम्बर केन्द्रीत भएको छ ।

काँग्रेसले भने अझै वडा अध्यक्षको उम्मेदवार को टुंगो लगाउन सकेका छैन् । वडाबाट पाँच जनाको नाम सिफासिर भएपनि जिल्ला पाटी समितिबाट अन्तिम टुंगो लगाउन सकेको छैन् । वडाबाट अर्जुन तिवारी, शरण घिसिङ, कुमार पोखरेल, गीता न्यौपाने, सुर्दशन लामाको जिल्लामा सिफारिस भएको जनाइएको छ । जिल्ला तहका एक नेताका अनुसार तिवारीलाई उम्मेदवार बनाउने तयारी भएको छ । गतनिर्वाचनमा पनि तिवारी नै वडा अध्यक्षको उम्मेदवार थिए । यसबाहेक राप्रपा र नेकपा एसले पनि वडा अध्यक्षको उम्मेदवार चयनमा लागेका छन् ।

हेटौडा १२ नम्बर यो निर्वाचनले मकवानपुरमा दलहरुको पछिल्लो अवस्थालाई पनि चित्रण गर्ने भएकाले विशेष रुपमा हेरिएको छ । राष्ट्रिय राजनीतिमा उपनिर्वाचनमा चुनावी तालमेल वा सहकार्य गर्ने विष्यमा कुनै निर्णय भएको छैन । सबै राष्ट्रिय पार्टीले एक्ला एक्लै चुनावी प्रतिष्पर्धा गर्ने भएका छन् । यसले समेत मकवानपुरको निर्वाचनमा दलहरुबीच चुनावी तालमेल वा सहकार्य हुने देखिदैन् ।

२०७४ सालको निर्वाचनमा वडा अध्यक्ष पदमा नेकपा माओवादी केन्द्रका ललित घलानले सहज विजयी हासिल गरेको हेटौडा १२ मा २०७९ को स्थानीय तह निर्वाचनमा चुनावी गठवन्धन हुँदा समेत मुस्किलले घलानले साख जोगाएका थिए । उपमहानगरपालिकाको १९ वटा वडामा नेकपा माओवादी केन्द्रले त्यही १ वडामा अध्यक्षमा जितेको थियो । उपनिर्वाचनबाट उक्त पद जोगाउन नसके माओवादीको उपमहानगर पालिकामा उपस्थिति शुन्य हुनेछ ।

नेकपा एमाले एमालेको कार्यपालिका र नगर




सभामा बहुमत सदस्य रहेको छ । यस्तो अवस्थामा एमाले जसरी पनि जित हासिल गर्ने दाउमा रहेको छ । उसलाई गठवन्धन नहुँदा आफ्नो उम्मेदवारले जित्नेमा विश्वास छ । त्यसो त काँग्रेस पनि त्यही दाउमा छ । एमालेले एकछत्र राज गरेको नगरमा काँग्रेसले २०७९ निर्वाचनबाट उपप्रमुखसहित ७ वडाको अध्यक्षमा जितेको थियो । थप एउटा अध्यक्ष थप गर्ने दाउमा काँग्रेसले रणनीति बनाउने देखिन्छ । उम्मेदवार चयनमै सकस रहेको काँग्रेसलाई जितमा धेरै चुनौती देखिन्छ ।

उपनिर्वाचनका लागि मङ्सिर २ गते उम्मेदवारी दर्ता गर्ने कार्यतालिका छ । सोही अनुसार उम्मेदवारी दर्ता गर्नुपर्नेछ । मङ्सिर २ गते बिहान १ देखि अपराह्न ५ बजेसम्म निर्वाचन अधिकृतको कार्यालयमा उम्मेदवारको मनोयन दर्ता हुने छ । सोही दिन साँझ ५ देखि ६ बजेसम्म उम्मेदवारको सूची प्रकाशन हुनेछ । आयोगका अनुसार २०७९ मा सम्पन्न स्थानीय तहको निर्वाचनमा पुरुष उम्मेदवार निर्वाचित भई कार्यभार सम्हालिरहेको स्थानीय तहमा रिक्त रहेको पदमा महिला उम्मेदवार रहने गरी मनोनयनपत्र पेस गर्न राजनीतिक दललाई निर्देशन दिइएको छ ।

मङ्सिर ३ गते बिहान १) देखि अपराह्न ३ बजेसम्म उम्मेदवारको विरोधमा उजुरी दिने, सोही दिन अपराह्न ३ बजेपछि मनोनयपत्र र उजुरीमाथि जाँचबुझ एवं निर्णय गरी मङ्सिर ४ गते साँझ ५ देखि ६ बजेसम्म उम्मेदवारको नामावली प्रकाशन हुनेछ ।मङ्सिर ५ गते बिहान (देखि अपराह्न १ बजेसम्म उम्मेदवार ले नाम फिर्ता लिन सक्ने छभने सोही दिन दिउँसो १ देखि ३ बजेसम्म अन्तिम नामावली प्रकाशन गरी दिउँसो ३ देखि ५ बजेसम्म उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गरिने छ । मङ्सिर १६ गते बिहान ७ देखि अपराह्न ५ बजेसम्म मतदान हुनेछ ।

चैनपुर जेसीजको खेलतालिका सार्वजनिक



○ सहीखबर संवाददाता

मकवानपुर । दोस्रो चैनपुर जेसीज मनहरी कप फुटबल प्रतियोगिताको भोली शुक्रबारबाट सुरु हुने भएको छ । चैनपुर जेसीज मनहरीको आयोजनामा हुन लागेको खुला फुटबल प्रतियोगिताको खेलतालिका सार्वजनिक भएको छ । मनहरी-४, मसिनेस्थित गोलघर खेल मैदानमा हुन लागेको दोस्रो संस्करणको चैनपुर जेसीज मनहरी कप खुला फुटबलको खेल तालिका बुधबार सार्वजनिक भएको हो ।

भोलि शुक्रबार हुने उद्घाटन खेलमा मनहरी गाउँपालिकाको ४ नम्बर वडा र एफसी नमोबुद्धको टिमबीच प्रतिस्पर्धा हुनेछ । खेल दिउँसो १ बजेबाट सुरु हुने खेलतालिका रहेको छ । प्रतियोगिताका लागि मनहरी गाउँपालिका ४ नम्बर वडा कार्यालयको मुख्य प्रायोजन रहनेछ ।

प्रतियोगिताको विजेताले एक लाख एक हजार १११ रुपैयाँ र उपविजेताले ५१ हजार १५१ रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । प्रतियोगिताको सवीत्कृष्ट खेलाडीले ७ हजार ५ सय रुपैयाँ तथा अन्य विधागत उत्कृष्टले जनही नगद ३ हजार ५ सय रुपैयाँसहित ट्रफी र प्रमाणपत्र प्राप्त गर्नेछन् । प्रतियोगितामा १६ वटा टिमहरुको सहभागिता रहेको छ ।

प्रतियोगितामा मनहरी-४, एफसी नमोबुद्ध, सक्षम युवा क्लब, एफसी ढिँडो, कमाने फुटबल एकेडेमी, जेसीआई मकवानपुरगढी, पदमपोखरी युनाइटेड एफसी, आरआर एफसी, हाँडीखोला युथ क्लब, जनसिद्ध युवा क्लब, एफसी परेली क्लब, टिएनटी मनहरी, हेटौंडाको नारायणी कलेज, मनहरी २ नम्बर वडा, मनहरी ५ नम्बर वडा र ऋषेश्वर युवा क्लबको टिमको सहभागिता रहनेछ ।

चैनपुर जेसीज मनहरीको स्थापना भएसँगै गत वर्षबाट जेसीज कप खुला फुटबल प्रतियोगिताको सुरुवात गरेको आयोजकले जानकारी गराएको छ । खेलको विकास एवम् युवाहरुको बीचमा भातृत्वको सम्बन्ध स्थापनाका लागि प्रतियोगितालाई निरन्तरता दिँदै आएको क्लबले जनाएको छ । प्रतियोगिताका लागि करिब ५ लाख रुपैयाँ खर्च हुने अनुमान आयोजकको रहेको छ । प्रतियोगिताको फाइनल खेल मंसिर ३ गते हुनेछ ।

सुशासन प्रवर्द्धन गरौं

- कानून पालना गर्ने संस्कार र संस्कृतिको विकास गरौं,
- भ्रष्ट्राचार, अनियमितता विरुद्ध शून्य सहनसील बनौं,
- सार्वजनिक सेवालाई पारदर्शी र उत्तरदायी बनाऔं,
- राज्य र समाजप्रतिको जिम्मेबारी तथा कर्तव्यबोध गरौं,
- रचनात्मक आलोचना र सकारात्मक सोचको विकास गरौं,
- विकास निर्माणका कार्यमा सहभागी बनौं,
- अनियमितताको कुनै सूचना भए नियामक निकायलाई जानकारी गराऔं,
- सुशासन कायम गर्न राज्य संयन्त्रलाई खबरदारी गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड